# पहिलो हलो जोत्ने महिला
## कविता पौडेल



जन्म मिति : वि.सं. २००२ माघ ६

# पहिलो हलो जोत्ने महिला



- मिरा गुरुङ्ग

कविताको नाममा वहाँलाई चिनाउने कुनै थप बिशेषण चाहिने होइन–पहिलो हलो जोत्ने नेपाली महिला भने पुग्छ । कविताको जन्म खिदिम म्यालपानी जि. अर्घाखांचीमा २००२ माघ ६ गते माता बुधकुमारी गौतम र पिता दुर्गा प्रसाद गौतमकी छोरीको रुपमा भएको थियो । मिति २०१३ साल वैशाख २९ गते उत्तिखेरको सामन्ती रूढिवादी चलनअनुसार, वहाँको उमेर १० वर्ष लागेको अवस्थामा अर्घाखांची हर्राबोट गाउँका गौरीशंकर पौडेल (पछिबाट मोदनाथ (प्रश्रित)संग बाल बिवाह संपन्न भएको थियो । कविता पौडेल नेकपा-एमालेका नेता, लव्धप्रतिष्ठित लेखक, सांस्कृतिक, दार्शनिक व्यक्तित्व तथा वौद्धिक धरोहर मोदनाथ प्रश्रितको जीवन सहयोद्धा तथा सोही पार्टीका युवानेता डा. विजय पौडेलको ममतामयी आमा पनि हुनुहुन्छ । वहांहरुका १ छोरा २ छोरी छन ।

कविता पौडेलले अन्य नेपाली महिलाले झैं औपचारिक शिक्षा लिन पाउनु भएन । फेरि, त्यतिखेर छोरीलाई पढ्न पठाउने भन्ने कुरा कल्पनासम्म पनि गर्न सकिन्नथ्यो । आइमाईले पढे भने बोक्सी हुन्छन् भन्ने रूढिवादी भनाइ उसबेलाको समाजमा व्याप्त थियो । वहांको श्रीमान मोदनाथ प्रश्रित बनारस बस्नु हुँदा वहाँले छोराछोरी लिएर बनारस जानुभयो र वहांले त्यही पढ्न थाल्नु भयो । बनारसबाटै एस. एल. सी. सम्मको शैक्षिक योग्यता पूरा गर्नुभयो, स्वअध्ययन गर्नुभयो । छोराछोरीलाई चाहिं जे जस्तो दु:ख गरेर भएपनि पढाउछु भन्ने थियो । वहाँले छोराछोरी पढाउदा धेरै दु:ख गर्नु पर्‍यो । उहाँले छोरालाई बनारस पढ्न पठाउँदा धेरै गाह्रो परेको थियो । छर छिमेकसंग सापटी गरेर छोरालाई खर्च पठाउने अनि औषधि बेचेर खाई नखाई सापटी तिर्नुहुन्थ्यो । आफूलाई जति दु:ख कष्ट भए पनि छोराछोरी पढाउनु भयो । दु:ख कष्ट गरेर भएपनि छोराछोरीहरुलाई पढाउछु भन्ने वहांमा हिम्मत थियो । वास्तवमा छोर छोरीको भविष्य निमार्णमा आमाकै हात हुन्छ भन्दा शायद अत्युक्ति नहोला ।

त्यसअर्थमा, कविता पौंडेल एक स्नेहमयी, ममताशील, प्रेरणादायी आमा बन्न सफल हुनुभयो ।

कविता पौडेललाई श्रीमान् (मोदनाथ प्रश्रित) २०२६ साल फाल्गुण ७ गते जेल पर्नुभएको कारण थाहा थिएन । त्यतिवेला उहाँले राजनीतिक कुरा बुभ्नु भएको थिएन । पछि २०२८ सालमा राजनीतिक कुरा बुभ्रून थाल्नु भयो र पार्टीमा संगठित बन्नुभयो । कमरेड देवराज रामले वहांलाई संगठित गराउनु भएको थियो । वहांले पार्टीका भुमिगत नेता कार्यकर्ताहरुलाई *सेल्टर* दिनु भयो । पार्टी कामकै सिलसिलामा २०३५ सालमा तीन महिनाजति भैरहवा थानामा थुनिनु भयो । केही समय उहाँ भुमिगत भएर पनि पार्टीको काम गर्नुभयो । २०४६ सालमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवशको जुलुसमा बुटवल जांदा पुलिसले पक्रेर पाल्पा जेल चलान गरेको थियो । पछि २०४६ सालको बहुदल प्राप्तीपछि मात्रै जेलमुक्त हुनु भएको थियो । वास्तवमा वहांहरुको दाम्पत्य जीवन निकै कष्टकर रह्यो । श्रीमान मोदनाथ प्रश्रित १० बर्ष जेल, १४ बर्ष भुमिगत बस्नुभयो । बिवाह भएको ३६ वर्षपछि मात्रै उहाँहरुको परिवारिक जीवन व्यवस्थित भएको थियो ।

कविता पौडेल पहिलो हलो जोत्ने नेपाली महिला हुनुहुन्छ । यो नेपाली महिलाको सांस्कृतिक इतिहासमा ठूलो गौरवको विषय हो । यस वारेको मेरो जिज्ञाशामा वहांको भनाई थियो– मैले हलो जोते बाहुनले हलो जोत्नु हुदैन भन्ने रूढिवादी चलन थियो । २०२२ सालमा प्रश्रितजीले पाँच गाउँ पञ्चायतका प्रधान पञ्च र तीन सय मान्छे जुटाएर *'बाहुन हलो सञ्चालन अभियान कार्यक्रम'* गर्नु भएको थियो । प्रश्रितजी सहित थुप्रै बाहुनहरुले हलो जोत्नु भएको थियो । त्यसपछि बाहुनहरुले हली राख्न छोडे, आफै हलो जोत्न थाले । २०२९ साल वैशाखमा मकै छर्न दुई दिन जोत्ने मान्छेले जोते, तेस्रो दिन जोत्ने मान्छे आएन । त्यसपछि शासुले भन्नु भयो, जोत्ने मान्छे आएन जेठानी-देउरानी भएर कोदालो खनेर भएपनि मकै छर । एकपाटै बांकि थियो मकै छर्न र हामीले पनि सुटुकै गोरु फुकाएर लग्यौ र गोरु ना-यौं । मैले जोते उषाले मकैको बीउ रोपिन । महिलाले गोरु जोत्नु हुन्न भन्ने मानिसहरु धेरैले अलच्छिनी आइमाई भनेर हल्ला गर्न थाले । हामीले रुढिवादी प्रथालाई चुनौती दिनु थियो । अब के हुने

भयो, के देख्नु प-यो, यस्तो भन्दै मान्छेहरु भन्दै थिए निधारमा हात राखेर हेर्दै कराए । हामीले वास्तै गरेनौ जोतेर मकै छरिसक्यौ । महिलाले पनि हलो जोत्न सक्ने रहेछ भन्ने बनायौ । यो भन्दा पहिला पहिला पनि मैले जोत्ने गर्थे । कसैले त्यसरी देखेका थिएनन् । तर, मलाई चाहिँ यो पित्रृसत्तात्मक समाजलाई देखाउनु नै थियो । हो, कविताजीले साच्चै गरेर देखाउनु भयो । यस निम्ति वहांलाई हामी अभिवादन गरौं ।

उहाँहरुको खेतीपातीले परिवार धान्न निकै गाह्रो थियो । त्यसमा पनि खडेरीका कारण उब्जाउ नहुने, परिवारको गुजारा कसरी गर्नु चिन्ता बढ्यो । तब वहांहरु 'डाक्टर-'डाक्टराइन' (उपचारक) बन्नु भयो । त्यो के कसरी संभव भयो, त्यसवारेको मेरो जिज्ञाशामा वहांले केही रोचक प्रशङ्ग बताउनु भयो – हामी 'डाक्टर-डाक्टराइन' बन्यौं । प्रश्रितजी आयुर्वेदमा आचार्य र एम.ए.गर्नु भएकोले प्रश्रितजीले खुला-जीवन हुँदा बनारसमा वस्दा केही आयुर्वेद र *एलोप्याथिक* औषधिहरु राख्नु हुन्थ्यो । छरछिमेकिहरुमा सामान्य उपचार पनि गर्नुहुन्थ्यो । फेरि प्रश्रितजी पार्टीमा भुमिगत हुनु भयो । हामीसंग एउटा झोलामा बनारसबाट ल्याएका उपचारका विभिन्न औषधि थिए र उपचारका साधनहरु थिए । हामी थरौली पुगेर पनि गाँउमा विरामी पर्दा फाट्टफुट्ट ओषधि दिन्थ्यौ ।

कविता पौडेलको अर्को परिचय पनि छ - त्यो भनेको वहां एउटा साहित्यिक-श्रष्टा पनि हो, भनौं वहां एउटा अजश्स्र सृजनाकी खानी पनि हुनुहुन्छ । *कांडेघारीको यात्रा* वहांको आफ्नै कथा हो– जसभित्रका पात्रले कांडैकांडाको यात्रा जेलेकोछ, तीतामीठा वेदना एवं व्यथा बोकेकोछ– तरपनि उहाँमा अदम्य शाहस छ, उत्कट अभिलाषा छ, दुनियां वदल्ने हिम्मत छ, कर्मप्रति अटुट लगाव छ । वहांले नेपाली साहित्यिक संसारका लागि पढौं पढौं लाग्ने सरस एवं सरल उपन्यासहरु लेख्नु भएको छ । वहांले सि.डि.मा गीतहरु पनि उतार्नु भएकोछ, जुन् सुनौं सुनौं त लाग्छ नै–त्यस्मा पनि तीजका ती गीतहरु रूढिवादी सामन्ती संस्कृति उपरको प्रहार हो, जस्ले महिलामा चेतना एवं उत्प्रेरणा जगाउंन सहयोग पुगेकोछ र जुन् धेरै मार्मिक एवं रसिला पनि छन् । वहांका प्रकाशित कृतिहरु हुन् :

- *कांडेघारीको यात्रा (आफ्नै कथा) - ०५९ कार्तिक*

- *वाल चित्कार (उपन्यास)*
- *हिरा (उपन्यास)*
- *विस्थापित आमाहरु (उपन्यास)*
- *सिमावारी सिमापारी (उपन्यास)*
- *छोरीको चिठ्ठी (उपन्यास)*
- *मनकली (उपन्यास)*
- *तीजका गीतहरु* ((सि.डि.मा गीत) - ०५९
- *वादल पारी माइतीको देश*
  (सि.डि.मा गीत) -०५७
- *योगाभ्यास -०५९*

वहांले जीवनका केही रोचक घटना/परिघटना ताजै रहेको बताउनु भयो – एक पटकको घटना हो, पश्चिम तराईमा थियौं। श्रीमान भैरहवा जेलमा हुनुहुन्थ्यो। म भेट्न भनी गए म भेट्न जेल पुग्दा त श्रीमानलाई बिहान ४ बजे अन्तै लगीसकेको रहेछ। त्यो घटना अझै पनि ताजै लाग्छ। अर्को एउटा घटना, थरौलीमा हुंदा मेरा मसिना नानीहरु मात्रै थिए – हाम्रो घर जंगलको नजिक एकान्त ठांउमा थियो। राती १२ बजे ४ जना डरलाग्दो मान्छे हाम्रो घरमा आए। 'डाक्डराइन' ढोका खोल भने, हामी उपचार गर्न आएको भने– डांकाहरु पो रहेछन्। साथमा तिनीहरुले लुटेर थुप्रै सूनचांदि ल्याएको रहेछ। तिनीहरुले आपसमा बाडे र 'डाक्डराइन'ले पनि धेरै दुःख पाएको छ, यिनलाई पनि केही दियौं, बूढा कहां छ कहां भनेर केही सुनचांदी दिन खोजे –तर मैले मान्दै मानिन। तिनीहरुलाई साह्रै अचम्म लाग्यो। कविताजीले आफुहरुले गरेका उपचार वारे फेरि अर्को एउटा रोचक घटना जोड्नु भयो– एकपटक थरौलीमा पाल्पाबाट आएका डाक्टर भनेर हाम्रो खुब चर्चा हुन थाले छ। त्यसैबेला एक जना ७० बर्ष बुढामान्छेले दुई अढाई वर्षको बच्चा लिएर आए। त्यो बच्चाले ५ दिन देखि दिशा गरेको रहेनछ। बुढोमान्छेले भने– कृष्णनगरका डाक्टर कम्पाउनडर हरुलाई देखाए कसैले पनि दिसा खोली दिएन, गाउंलेबाट तपाईहरुको नाम सुनेर आएको भने। यो मेरो एउटा मात्र नाती हो, जसरी हुन्छ, यसलाई बचाइदिनोस् भने। बच्चा ज्यादै दुब्लो थियो। बुढा मान्छे सिमापारी भारतको रहेछ। हामीसंग

दिशा खोल्ने केहि साधन थिएन । त्यसपछि हामीले एनिमा दिएर दिसा खोल्ने कोशिस ग-यौ, तर गुंद्रार ढुगाँ जस्तै साह्रो थियो । त्यसपछि सानो काठको कनकर्नो बनाएर मिहिनेत गरेर कोट्याउंदा एउटा टुका निस्कियो, हेर्दा बयरकै दाना रहेछ । त्यसपछि एनिमा दिएको त दिसा खुल्यो दुई सयजति बयरको दाना निस्के । डाक्टरले जुलाफको औषधि मात्र दिएछन, त्यसले पत्ता नलागेको रहेछ । बुढा मान्छे साहै खुसी भए । पैसा दिउँ भन्थे- हामीले लिएनौं । चार दिन पछि त बुढाले त बच्चालाई सिंगारेर एउटा लडियामा थुप्रै चामल, दाल, तरकारी, तेल ल्याएर हाम्रो अगाडि राखी दिए । हामीले लिन्नौं भन्यौ, तर बुढा मान्छे मान्दै मानेनन्, साह्रै कर गरे । उहाँले हामीलाई औषधि पसल राख्नोस् भनेर सल्लाह पनि दिए ।

कविता पौडेलले योगाभ्यास पनि गर्नु गराउनु हुन्छ । यो वहांको अर्को रचनात्मक पक्ष हो किनकि आजको आधुनिक मानव जीवनशैलीमा आएको परि वर्तनले योगाभ्यासको महत्व झन बढेर गएको छ । योगाभ्यास वारे वहांको पुस्तक नै प्रकाशित छ । कविता पौडेल व्यक्तिकोरुपमा आफ्नो जीवन सफल भएको मान्नु हुन्छ । वहां भन्नु हुन्छ– जीवनबाट म एकदमै सन्तुष्ट छु । मैले जे गरे त्यो मेरो एक्लो प्रयास हो । आफ्नो दिनचर्या वारे वहां भन्नु हुन्छ – अहिले मेरो दिनचर्या घरको सारा काम सिध्याएर लेखपढ्मा बिताउंछु ।

महिला दिदीवहिनीलाई सम्झेर उहाँ भन्नुहुन्छ – हामी महिला स्वयम सक्षम नभएसम्म पार्टी, सरकारको मुख ताकेर, गुनासो गरेर मात्र केही हुनेवाला छैन, हामी आधा-आकाशको हिस्सा ओगटेका महिलाहरुले आफ्नो भाग अर्कालाई खुवाउनु हुंदैन, सक्षम सवल भई आफनो भाग आफै खान सक्नुपर्छ । दयामाया वा करुणाको पात्र बन्नु हुंदैन । त्यस्को लागि महिला शिक्षा, व्यावसायिक तालीम ईत्यादिमा जोड दिएर लाग्नु पर्छ, कुनै न कुनै पेशा-व्यवसाय गर्नै पर्छ । पुरुषको कठपुतली मात्र भएर बस्नु हुँदैन । शाहस र आंट विना कसैले केही गर्न सक्दैन । एकअर्काको ईर्श्या-आरिश गर्नु हुंदैन –त्यो पछ्यौटेपनको द्योतक मात्र हो । बरु एकअर्कामा सहयोग र सदभाव राख्नु पर्दछ । स्वावलम्वी, आत्मनिर्भर नबनेसम्म पुरुषप्रधान समाजमा महिलाको समान सहभागिता संभव हुंदैन । महिलाहरुलाई आरक्षण भन्दा पनि शिक्षा दिक्षा दिनुपर्छ, प्रतिस्पर्धामा योग्य

बनाउनु पर्छ । पार्टीहरुले पनि महिलालाई पार्टीका सबै निकायमा एक तिहाई महिलाको स्थान दिएर अगाडि बढाउनु पर्छ ।

पार्टीले पुराना कार्यकर्तालाई समेटन सकेको छैन । भुमिगत अवस्थामा दुख कष्ट झेलेर पार्टी जोगाएका नेता कार्यकर्ताहरुको अभिलेख राख्नु पर्छ, र पार्टी संगठनहरु धेरै बिग्रिसकेका छन । पार्टीको हातखुट्टा भनेको जनबर्गीय संगठनहरु हुन । त्यसैले जनबर्गीय संगठनहरुलाई सवल पार्न पार्टीले ध्यान दिनु पर्छ । र, आफु पनि बाचुं र पार्टीलाई पनि बचाऊ भन्ने उहाँको भनाइ छ । पार्टी कार्यकर्ता, नेतामुखी भए, नीतिमुखी भएनन् । उत्पादनमुलक काम गरी पार्टीलाई जोगाउनु पर्छ ।

कविता पौडेल सफल आमा मात्र होइन, उहाँ राजनीतिकर्मी पनि हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, महिलाहरुले राजनीतिक काममा निरन्तरता दिन धेरै गाह्रो छ । महिलाहरुलाई राजनीतिक काम गर्न घर परिवार, श्रीमान पार्टी सबैले साथ र सहयोग गर्नुपर्छ । हाम्रो देशमा लामो समय आन्दोलन र पार्टीमा लाग्ने महिला नेतृहरु सहाना, साधना, मंगलादेवी, अष्टलक्ष्मी र राधा ज्ञवालीहरुको योगदान कुनै मानेमा कमी छैन । उहाँहरुको योगदानलाई सम्मान गर्न सक्नुपर्छ । महिला मुक्तिको कुरा गरिरहदा कविताको नाम छुटयो भने त्यो महिला मुक्ति अपूर्ण हुनेछ । वास्तवमा कविता पौडेल एक वहुंआयामिक प्रतिभायुक्त महिला हुनुहुन्छ । वहांको हिम्मत र सहासलाई हामी आम नेपाली महिलाहरुले सम्मान र गर्व गर्नुपर्छ । महिला मुक्तिका लागि संघर्षशील महिला नेता-कार्यकर्ताहरुले पनि वहांबाट धेरै सिक्नु पर्दछ ।

■ ■ ■